# पालुङटार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पालुङटार, गोरखा
### गण्डकी प्रदेश, नेपाल

प.स: २०७७/०७८
च.नं.: ३३८

मिति : २०७८/१/१४

श्री सामुदायिक विद्यालय (सवै)
पालुङटार नगरपालिका,गोरखा।

**विषय : दिवा खाजा खुवाएको विवरण पेश गर्ने सम्बन्धमा**

प्रस्तुत विषयमा यस नगरपालिका भित्र संचालन भएका सवै सामुदायिक विद्यालयहरुमा पूर्व प्राथमिक कक्षा देखि कक्षा ५ सम्मका सवै बालबालिकाहरुको लागि दिवा खाजा ब्यवस्थापन गर्न अनुदान रकम निकासा भइ सकेको व्यहोरा सवै सामुदायिक विद्यालयहरूलाई अवगत नै छ। विद्यार्थीहरूलाई दिवा खाजा खुवाउँदा भएको खर्चको सक्कलै विल/भरपाई सहित देहाय बमोजिमको कागजातहरू २०७८ साल, वैशाख मसान्तसम्ममा यस नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा बुझाउनुहुन अनुरोध छ।

वुझाउनु पर्ने आवश्यक काजगातहरु

१. दिवा खाजा खुवाउन विद्यालय ब्यवस्थापन समितिबाट गरिएको निर्णयको प्रमाणित छायाँ प्रति-१थान।
२. दिवा खाजाको मेनु सूची-१ थान।
३. दिवा खाजा कार्यक्रमबाट लाभग्राही (कक्षागत) विद्यार्थी संख्या खुलेको विद्यालयको पत्र-१थान।
४. विद्यालयबाट सम्बन्धित विद्यार्थीहरुलाई दिवा खाजा वापतको रकम वितरण गरिएको भए वितरण गरेको भरपाई र अभिभावकको उपस्थितिमा रकम हस्तान्तरण गरिएको देखिने फोटोहरू।
५. दिवा खाजाको कच्चा पदार्थ खरिद गरिएको भए सो को विल /भरपाईहरू।
६. दिवा खाजा खाने विद्यार्थीहरुको तोकिएको दिनसम्मको प्रमाणित हाजिरी -१ थान।
७. गत आ.व.को लेखा परीक्षण प्रतिवेदनको प्रमाणित छायाँ प्रति -१ थान।

..............................
बावुराम कारखेती
(नगर शिक्षा अधिकारी)
अधिकृत दशौ

बोधार्थ : १. श्री आर्थिक प्रशासन शाखा पालुङटार नगरपालिका।
२. श्री सूचना प्रविधि शाखा, पालुङटार नगरपालिका : पत्रलाई website मा राखिदिनु हुन।

Scanned with CamScanner